प.सं. मिति: २०८१ साल मंसिर २ गते

च.नं.

सम्माननीय प्रधानमन्त्री के. पी. शर्मा ओलीज्यू,
प्रधानमन्त्री कार्यालय सिंहदरबार,
काठमाण्डौ, नेपाल।

**विषय:- वंशजको नेपाली नागरिकता निरन्तरता संबन्धमा ।**

प्रधानमन्त्रीज्यू,

उपरोक्त सम्बधमा त्रि-पक्षीय संधि अनुसार बेलायती सेनामा सेवा गरेका साथै सेवारत गोर्खा र निजका सन्ततिहरुको "वंशजको नेपाली नागरिकता निरन्तरता" हुनुपर्छ भनेर प्रधानमन्त्रीज्यू समक्ष हाम्रो माग संवोधन गरिदिनुहुन सादर अनुरोध गर्दछौ ।

**पृष्ठभूमि**

सन १९४७ सालमा ईन्डियाले बेलायतबाट स्वतन्त्रता पायो । त्यतिबेला त्यहाँ बेलायतको १० वटा गोर्खा रेजिमेन्ट थिए । ईन्डियामा भएका ति १० वटा गोर्खा रेजिमेन्टको व्यवस्थापन गर्न ९ नोभेम्बर १९४७ सालमा नेपाल, बेलायत र इन्डियाबीच त्रि-पक्षीय संधि भएको थियो । उक्त संधि पछि त्यहाँ भएका १० वटा गोर्खा रेजिमेन्ट मध्ये बेलायतले ४ वटा रेजिमेन्ट लिएर मलायातिर लाग्यो भने ६ वटा रेजिमेन्ट ईन्डियामै छोड्यो । त्यसपछि बेलायतले लिएर गएका गोर्खाली सेना वैधानिकरुपले बेलायती सेनाको अभिन्न अंग बनेको थियो । त्यसकारण बृटिश गोर्खा भनेको उक्त त्रि-पक्षीय संधिले व्यवस्था गरेअनुसार भर्ति भएर बृटिश सेनामा सेवा गरेका र गरिरहेका नेपालीहरू हुन ।

नेपाललाई ईष्ट ईन्डिया कम्पनी (अंग्रेज)बाट बचाउन आफ्नै स्थानीय श्रोत र साधनबाट उपलब्ध परम्परागत साधारण खुकुरी, खुँडा, धनुष, घुँयत्रो र ढुंगामुढाको भरमा गोर्खाली सेनाले अत्याधुनिक हातहतियारले निपुण बृटिश ईष्ट ईन्डिया कम्पनीको सेनासंग सन १८१४ देखि सन १८१८ सम्म भीषण युद्द लडेका थिए । उनीहरुले त्यस्तो अद्भुत क्षमता भएका बाहादुर गोर्खाली सेनासंग लड्नु भन्दा उनीहरूलाई आफ्नै सेनामा समावेश गराएर संसार जित्ने सम्भावना देखे । त्यसैले गोर्खाली सेनाको हार भएपनि उनीहरुले संधिको प्रस्ताव अघि सारे । यदि त्यसबेला गोर्खाली सेनाले उक्त सन्धिको प्रस्तावलाई अस्वीकार गरेको भए आज हामीले गर्व गर्ने नेपाल रहनेमा शंका गर्ने ठाउँ छ । किनभने उनीहरुसंग प्रसस्त मात्रमा खरखजाना सहित अत्याधुनिक हातहातीयार सहितको ठूलो संख्यामा सेना थियो । त्यसैले जसरी कम्पानी सेनाले त्यहाँ भएका स-साना राज्यहरु प्रलोभनमा पार्दै वा अतिक्रमण गर्दै ईष्ट ईन्डिया कम्पनीमा गाभ्यो त्यसरी नै उतिबेलै नेपाललाई बलजफत ईष्ट ईन्डिया कम्पनीमा गाभेर नेपालको अस्तित्व समाप्त पार्ने सम्भावना हुन्थ्यो। त्यसैले उक्त शर्तलाई नेपाली पक्षले स्वीकार गऱ्यो र नेपाली युवाहरुलाई भर्ति गर्न पाउने र भर्ति गर्न दिएबापत नेपाललाई

आक्रमण नगर्ने शर्तमा सन १८१६ दिसम्बर ८ तारिख अर्थात बि स १८७३ पौष ४ गतेको दिन सुगौली संधि भयो जसको कारणले गर्दा नै आज विश्वसामु हामीले गर्वका साथ सार्वभौमसत्ता सम्पन्न देश, बुद्धको देश वा सगरमाथाको देश भन्न पाएका छौं ।

सुगौली संधि भएको ८ दिसेम्बर सन १८१६ देखि लिएर आजसम्म गोर्खाली सेनाले बृटिश साम्राज्यको लागि (सन १९१४-१९१८ सम्म भएको) प्रथम विश्वयुद्ध र (सन १९३९-१९४५ सम्म भएको) दोस्रो विश्वयुद्ध लगायत मलाया (मलेसिया), बोर्नियो, सरवाक, बर्मा, थाइल्याण्ड, अफगानिस्तान, इजिप्ट, साइप्रस, मेसोपोटामिया, ईटाली, बेल्जियम र फ्रान्स गरी संसारभर दर्जनौ युद्धहरु लडे । त्यसमध्ये विशेष गरेर जर्मन फौजसंग फ्रान्सको लूज (Loos) भन्ने ठाउँमा हजारौं हजार गोर्खाली सेनाहरुले रगतको खोला बगाएर ज्यानको बलिदानी दिएका थिए । जसलाई "Battle of Loos"को नामले चिनिनुका साथै उक्त मैदानलाई आज पनि फ्रान्सेली जनताहरु "लासहरुको मैदान"को नामले सम्झने गर्दछन । त्यसरी गोर्खालीकै वीरताको बलले अंग्रेजले संसारभर आफ्नो साम्राज्य विस्तार गरी उसको देशमा कहिल्यै घाम नअस्ताउने बृटेनबाट ग्रेट बृटेन भन्ने साम्राज्य बनाएको थियो । त्यसैगरी वर्तमान समयमा पनि (केही बर्ष अगाडि) अर्थात सन २००३ यता भएको ईराक अफगानिस्तानको युद्धहरुमा हाम्रा दर्जनौं गोर्खा सैनिकहरुले ज्यानको बलिदानी दिएको प्रमाणहरु विश्वसामु छर्लङ्गै छ । त्यसबेलादेखि अहिलेसम्म गोर्खालीहरुले बेलायती सेनामा सेवा गरेको २०९ बर्ष पुगिसकेको छ ।

तर त्यसरी बेलायतको साम्राज्य विस्तार गर्न आफ्नै जीवनको बलिदानी दिएर लडेका इमान्दार गोर्खाहरुमाथि बेलायतले आफ्नै सेनासरह व्यवहार नगरेर अन्याय र विभेद गर्दै आइरहेको थियो । आफूमाथि भएको त्यस किसिमको विभेदबाट न्याय पाउन र बेलायती समकक्षी सेना सरह तलब, भत्ता र अन्य सेवा सुविधाहरु पाउनुपर्छ भनेर हामी भूपू गोर्खालीहरुले सन १९९० देखि न्यायिक आन्दोलन सुरु गर्यौं । त्यही आन्दोलनको क्रममा सन २००४ सालमा बेलायतको होम अफिसको प्राङ्गणमा भूपू गोर्खा समुदायको शान्तिपूर्ण प्रदर्शन सहितको मागपछि बेलायत सरकारले हाम्रो माग उपर विचार गर्न बाध्य भयो । परिणामत: सन १९९७ सालपछि अवकाश प्राप्त भूपू गोर्खाहरुलाई बेलायत सरकारले ३० सेप्टेम्बर २००४ मा नेपाल सरकारको अनुमतिमा आवासीय सुविधा दिने निर्णय गर्यो । त्यसभन्दा पहिला बेलायत सरकारले आफ्नै सेनामा सेवा गरेको भएतापनि गोर्खाहरुलाई आवासीय सुविधा प्रदान गरेको थिएन । त्यतिले मात्र गोर्खाहरुको माग पुरा भएन । तत्पस्चात गोर्खाहरु फेरी सशक्त ढंगले न्यायिक संघर्षमा उत्रेपछि बेलायतकोलागि पुर्‍याएको विशिष्ट योगदान र पहिचानको कदर गर्दै मार्च २००९ मा बेलायतको उच्च अदालतले गोर्खाहरुको पक्षमा फैसला सुनायो । फलत: सन २००९ अप्रिल २९ तारिख गोर्खाहरुले बेलायती सेना सरह तलब, पेन्सन, र सेवा सुविधाहरु पाउनुपर्छ भन्ने समर्थनमा लिबेरल डेमोक्रेटिक पार्टीका नेता (Nick Clegg) निक क्लेगको अगुवाइमा संसदमा भोटिङ भयो । जसमा २७ जना लेबर पार्टीका बिद्रोही सांसदहरु सहित लिबेरल डेमोक्रेट, कन्जरभेटिभ पार्टीका सांसदहरु गरी गोर्खाहरुको पक्षमा २६७ र विपक्षमा २४६ मत परेपछि उक्त बिल २१ मतको बहुमतद्वारा संसदले पास गर्‍यो ।

तर त्यसैबेला नेपालको राजनीतिक परिवर्तनको कारण सरकारको फेरबदल भइरहने, नयाँ संविधान र विभिन्न ऐनहरु बनाउने र प्रमाणीकरण हुने क्रमहरु चलिरहेको थियो । *जसमध्ये* ***"नेपाल नागरिकता ऐन २०६३" को संशोधन बाट दफा ७(क) थपियो र*** **नेपाल नागरिकता नियमावली २०६३** ***संशोधन भै नियम ८(क) थप गरेपश्चात गैर आवासीय नेपाली नागरिकता जारी गर्न थालिनु समेत पर्दछ । नेपाली नागरिकता ऐनको दफा १०को उपदफा १ मा यदि कुनै नेपाली नागरिकले आफूखुशी अन्य कुनै देशको नागरिकता प्राप्त गरेमा निजको वंशजको नेपाली नागरिकता स्वत: खारेज हुने व्यवस्था रहेको छ । त्यसैगरी विदेशमा रहेका नेपाली मुलका नेपालीहरुका लागी गैरआवासीय नेपाली ऐन २०६४ बनाइएको छ ।*** त्यसरी ऐन बनाउँदा र संशोधन गर्दा सन १९४७ को त्रिपक्षीय संधी अन्तर्गत बेलायती सेनामा सेवा गरेका र सेवारत गोर्खा र निजका सन्ततिहरुको प्रतिनिधि वा सरोकारवालासंग कुनै छलफल नगरी अथवा उनीहरुलाई पुरै बेवास्ता गरी बनाइएको छ ।

अहिले बहुसंख्यक अवकास प्राप्त भूपू  गोर्खा र निजका परिवारहरु आवासीय अधिकार पाएर बेलायतमा बसोबास गरिरहेका छन् । ती मध्ये केही भूपू गोर्खाका सन्ततिहरु आवासीय अधिकार अन्तर्गत बेलायतमा छन् भने केही भूपू गोर्खामा आश्रित परिवार नेपालमै छन् । त्यसरी भर्तिका कारण बेलायत आएर बसोबास गरेका ती अवकास प्राप्त बृद्ध बृद्धा भूपू गोर्खाहरु कोही दु:खजिलो गरी एकल जीवन बिताइरहेका छन भने केही भूपू गोर्खाहरुले आफ्ना बाल बच्चाहरुको शिक्षामा सरल पहुँच होस साथै आफ्नो रोजगारीमा अनावस्यक (अफिसियल) झंझटमा पर्न नपरोस भनेर नचाहँदा नचाहँदै पनि वाध्यताले गर्दा बेलायतको अंगिकृत नागरिकता (Naturalization) लिन पुगेका हुन् ।

नेपालको संविधानमा सार्वभौमसत्ता नेपाली जनतामा निहित हुने (संविधानको धारा २) र कुनै पनि नागरिकलाई नागरिकताबाट बञ्चित पारिने छैन भन्ने प्रष्ट व्यवस्था गरिएको भएतापनि नेपालको स्वाधीनता र सार्वभौमिकता रक्षा गर्दै २०९ बर्षसम्म नेपालको सर्वाङ्गिन विकासमा जिम्मेवारीपूर्वक महत्वपूर्ण भूमिका खेलेका तर अहिले भर्तिको कारण बेलायत सरकारले मानार्थ अंगिकृत नागरिकता दिएर बेलायतमा बसोबास गरेका गोर्खा र निजका सन्ततिहरुको बारेमा केही व्यवस्था नगरेका कारण गोर्खाहरु अन्यायमा परेको महसुश गरेका छौं । ***स्मरणीय रहोस, नेपाल सरकारले विशेष सन्धि गरी बेलायती सेनामा सेवा गर्न पठाइएका गोर्खाहरुको अवस्था र पृष्ठभूमी अन्य गैर आवासीय नेपालीको भन्दा भिन्न प्रकृतिको छ । तसर्थ, गैर आवासीय नेपाली (एन.आर.एन.)को समस्या सम्बोधन गर्न बनाइएको "गैर आवासीय नेपाली नागरिकता"को व्यवस्थाले गोर्खालीहरूको समस्या सम्बोधन गर्न सक्दैन ।*** त्यसैले भर्तिको कारणबाट बेलायतले प्रदान गर्ने आवासीय अधिकार लिन परेका गोर्खाहरुलाई समेत माथि उल्लेखित ती ऐनहरु प्रयोग गरी एन.आर.एन. सरहको कोटिमा राखिनु र सो सरहको व्यवहार गरिनु बिल्कुल न्याय संगत छैन । त्यसो गर्दा सरकार आफैले गरेको त्रि-पक्षीय सन्धिको आफैले उलंघन गरेको अर्थ लाग्दछ ।

हामी नेपाली नागरिक २०७२को संविधान बनाउने मुल श्रोत हौं । संविधानको धारा १४को गैर आवासीय नेपाली नागरिकताको व्यवस्था संविधानले दिएको सुविधा मात्र हो । तर, संविधानको प्रावधान अनुसार एक अवधिकोलागि निर्वाचित समुह(संसद)ले नेपाली नागरिकता ऐनको दफा १०(१)

प्रयोग गरी सार्वभौमसत्ता सम्पन्न नेपाली नागरिकको नागरिकता खोस्नु संविधानवादको भावना विपरित रहेको छ । यस विषयमा न्यायाधीश ब्ल्याकले Afroyim v. Rusk | 387 U.S. 253 (1967)[1] को फैसलामा ब्याख्या गर्नु भएको छ । अमेरिकाको Nationality Act of 1940 को 401(e) मा हाम्रो नेपाली नागरिकता ऐनमा भएको दफा १०(१) सरहको व्यवस्था थियो । सन् १९६७को फैसलाले उक्त प्रावधान 401(e) गैह्रसंवैधानीक ठहराएर बदर गरिदिएको छ । त्यसैले उक्त फैसलाले नागरिकता “राज्यले खोस्न सक्दैन, नागरिक स्वयंले छाड्न भने पाउँछ” भन्ने शिद्धान्त प्रतिपादन गर्यो । तसर्थ नेपाल नागरिकता ऐन २०६३ को दफा १०(१)को प्रावधान गैह्रसंवैधानीक हुनको साथै यसले हामी माथि अन्याय गरिरहेको छ ।

**तसर्थ: सिएनसिबिजिले निम्नलिखित ऐतिहासिक प्रमाणहरुको आधारमा गोर्खाहरुको वंशजको नेपाली नागरिकता निरन्तरता हुनुपर्ने दावी पेश गरेको छ:**

१. सन १९४७ नोभेम्बर ९ तारिख बेलायत, नेपाल र इन्डिया बीच भएको त्रि-पक्षीय सन्धी र त्यसले गोर्खा सेनाको बारेमा गरेको व्यवस्था ।

२. सन् १८५७ मा भारतीय जनताद्वारा कम्पनी सरकार विरुद्ध लखनउमा सेना दबाउ अभियान (सिपाही विद्रोह) चलाएकको बेला उक्त अभियानलाई परास्त गर्न गोर्खा सेनाले महत्वपूर्ण भूमिका खेलेको हुनाले कम्पनी सरकार खुशी भई नयाँ नेपाल भनिने पश्चिम नेपालको बाँके, बर्दिया, कैलाली र कंचनपुर गरी तराईका ४ जिल्लाहरू नेपाललाई फिर्ता गरेको ।

३. गोर्खाली सेनाले सुगौली सन्धि पश्चात नेपालको राष्ट्रिय स्वाधीनता र सार्वभौमिकता जोगाउनेदेखि प्रजातन्त्र स्थापनाको निम्ति महत्वपूर्ण भूमिका खेलेका थिए । गोर्खालीहरुले २०९ बर्षसम्म बेलायतको सेनामा सेवा गरेर आर्जन गरेको ज्ञान, शीप र सम्पत्ति नेपालमै लगानी भइरहेको । त्यसरी आर्जन गरेको ज्ञान, शीप र सम्पत्ति आफ्नो निस्चित परिवार, समुह वा क्षेत्रहरुमा मात्र प्रयोग नगरेर सिंगो नेपालको आर्थिक, शैक्षिक, सांस्कृतिक र सामाजिक विकासमा समेत महत्वपूर्ण भूमिका खेलेको।

४. जसरी नेपालका कर्मचारीले नेपालमा नोकरी गरेर नेपाल सरकारलाई कर तिरेका हुन्छन त्यसरी कर तिरेर गोर्खालीहरूले बेलायती सेनामा सेवा गरेका हुन्छन । त्यसरी गोर्खालीहरुले बेलायती सेनामा सेवा गरेकै कारण बेलायत सरकारले नेपाल सरकारलाई बर्षेनी अरबौं रुपियाँ रोयल्टी बुझाउँदै आइरहेको ।

५. नेपालले बेलायतको समर्थनमा सन १९५५ सालमै संयुक्त राष्ट्र संघ (United Nation) को सदस्यता प्राप्त गर्न सफल भएको थियो । त्यसरी नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा सम्बन्धा विस्तार गर्न सक्नु र नेपालको हैसियत स्थापित गर्नु भनेको गोर्खाहरुले बिटिश सेनामा सेवा गरेकै कारण सम्भव भएको हो भन्नेमा दुइमत रहेन ।

६. गोर्खालीहरुले बृटिशको पक्षमा पहिलो र दोस्रो विश्वयुद्ध लगायत संसारको विभिन्न देशहरुमा इमान्दारी र बहादुरीताकोसाथ दर्जनौ युद्धहरु लडेर उसको निम्ति कहिल्यै घाम नअस्ताउने साम्राज्य बनाइदिएका थिए । त्यही इमान्दारी र बहादुरीताको कदर गर्दै बेलायत सरकारले नेपाल सरकारको सहमतिमा सन

२००४ सालदेखि सम्मानस्वरुप गोर्खाहरुलाई नेपाल सरकारकै सहमतिमा बेलायतको आवासीय अधिकार प्रदान गरेको ।

७. अन्तर्राष्ट्रिय कानुनले पनि कुनै व्यक्तिले आफ्नो देशको नागरिकता स्व-ईच्छाले परित्याग नगरेसम्म राज्यले उसको वंशजको नागरिकता खोस्ने अधिकार छैन भनेर प्रष्ट पारेको छ । त्यसलाई Vienna Convention on The Law of Treaty १९६९ को कानुनले नियमन गर्दछ जसलाई विश्वका १९४ सन्धी पक्षधरका राष्ट्रहरुले स्विकार गरेका छन् र त्यस भित्र नेपाल पनि पर्दछ, किनकि नेपाल त सन् १९५५ डिसेम्बर १४ मै संयुक्त राष्ट्र संघको सदस्य राष्ट्र बनेका हो ।

८. नागरिकता राज्यले आफ्ना नागरिकहरूको पहिचानको लागि जारी गरिने महत्वपूर्ण प्रमाण हो । नागरिकता व्यक्तिको राष्ट्रियतासँग गाँसिएको विषय हुँदा राज्यले संविधान तथा कानुन निर्माण गरी नागरिकता प्राप्त गर्ने आधारहरू तय गरेको हुन्छ । कुनै व्यक्ति कुनै राष्ट्रमा बस्दैमा, रोजगार, पेसा वा व्यवसायमा संलग्न हुँदैमा त्यो राष्ट्रको नागरिक भई हाल्दैन । (गोविन्द वेलवासे, राष्ट्रवाद 'भ्रम कि यथार्थ' पृ.१५)

९. गोर्खाहरुले नेपाल सरकारकै सहमतिमा बेलायतको आवासीय अधिकार पाएर बेलायतमा बसोबास गरिरहेका हुनाले गोर्खा र गोर्खाका सन्ततिहरुको हकमा वंशजको नागरिकता स्वतः रद्द हुने संवैधानिक प्रावधान नेपालको संविधानमा कहिँ कतै उल्लेख गरेको पाईंदैन । त्यसकारण गोर्खाहरुले बेलायतको अंगिकृत नागरिकता लिँदा नेपालको नागरिकता परित्याग गर्नुपर्ने कुनै कानुनी व्यवस्था नरहेको संविधानको भावना र मर्मबाट स्पष्ट हुन्छ । (संविधानविद डा चन्द्रकान्त ज्ञावाली)

त्यसकारण हाम्रो माग माथि उल्लेखित ऐन २०६३को दफा १० उपदफा १ मा जे लेखिएको भएतापनि सन १९४७ सालको त्रि-पक्षीय संधि र त्यस संधिले व्यवस्था गरेअनुसार नेपाल र बेलायत सरकारको बन्दोबस्तमा भर्तिभई बेलायती सेनाबाट निवृत्त भएका र सेवारत गोर्खा र निजका सन्ततिहरुको हकमा भने लागुहुने छैन भनेर संशोधन गर्नु हो । जुन यसप्रकार रहेको छः

## बृटिश गोर्खाहरुको नागरिकता निरन्तरताको निम्ति नेपाली नागरिकता ऐन २०६३ मा संशोधनको प्रस्तावहरु:

| हालको व्यवस्था | संसोधन गरिनु पर्ने व्यवस्था |
|---|---|

| | |
|---|---|
| नेपाली नागरिकता ऐन २०६३को दफा १०(१) अनुसार नेपालको कुनै नागरिकले आफूखुशी कुनै अन्य विदेशी मलुकको नागरिकता प्राप्त गरेपछि निजको नेपाली नागरिकता कायम रहने छैन । | तर, उक्त व्यवस्था सन १९४७ सालको त्रि-पक्षीय सन्धि अन्तर्गत भर्ति भएका गोर्खा र निजका सन्ततिहरूका लागि भने लागु हुने छैन । तसर्थ, बेलायती सेनाबाट अवकाश प्राप्त एवं वहाल रहेका गोर्खा साथै निजका संततिहरुका वंशजको नेपाली नागरिकता कायमै रहने छ । |

**गोर्खाहरुको माग संवोधन नभए के हुन्छ ?**

यदि बृटिश गोर्खा र निजका सन्ततिहरुकालागि वंशजको नेपाली नागरिकता निरन्तरताको मागप्रति सुनुवाई नगरी गोर्खा भर्ति गरिरहने हो र हामीलाई पिडित बनाइ रहने हो भने नेपाल सरकार र बेलायत सरकारले मानव बेचविखान गरेको ठहरिने छ । परिणामत: बेलायतमा गोर्खा र गोर्खाका सन्ततिले आर्जन गरेका र गर्ने अनुभव, ज्ञान, शीप र सम्पति राष्ट्र समृद्धिको निम्ति भित्र्याउने ढोका समेत बन्द हुने निस्चित छ ।

प्रधानमन्त्रीज्यू,

यसभन्दा पहिला पनि हामीले उपरोक्त सम्बन्धमा पहिले पनि हामीले भूतपूर्व प्रधानमन्त्रीहरु एवं मन्त्रीहरुलाई पटक पटक प्रत्यक्ष भेटेर तथा नेपाली दुतावास लण्डनमार्फत ज्ञापन पत्र बुझाएका थियौं । आजसम्म पनि त्यसको कुनै सुनुवाई भएको जानाकारी हामीलाई दिइएको छैन । विगतमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश र अवस्थाले गर्दा हाम्रा मागमाथि सम्बोधन हुन ढिलाइ भएता पनि बेलायतमा रहेका एक लाख पचास हजार गोर्खाली सेना र सेनासंग सम्बन्धित परिवारहरुले धैर्यताकासाथ आशा गरी बसेका थियौं र छौं । अत: नेपालको स्वाधीनता, सार्वभौमिकता र स्वतन्त्रता प्रति गोर्खाहरुले पुऱ्याएको बलिदान र योगदानको कदर गर्दै माथि उल्लेखित ऐन २०६३को दफा १० (१) सरकारी विधेयकको रुपमा संसदमा पेस गरी संशोधन गरिदिनु हुनेछ भन्ने आशाकासाथ विनम्र अनुरोध गर्दछौं । यदि हाम्रा माग पुरा नभए हाम्रा माग पुरा गराउन अन्य विकल्प सहित यो अभियान निरन्तर जारी रहिरहने छ भन्ने पनि हामी अवगत गराउन चाहान्छौं ।

**बृटिश गोर्खा नेपाली नागरिकता निरन्तरता**

| | | |
|---|---|---|
| ........................ | .................................... | ...................... |
| थर्क राना | दल बहादुर बुढाथोकी | भक्त राना |
| अध्यक्ष | उपाध्यक्ष | महासचिव |
| सिएनसिबिजी | सिएनसिबिजी | सिएनसिबिजी |

...........................

हुम बहादुर थापा

उपाध्यक्ष

भूतपुर्व सैनिक कल्याणकारी समिति, नपाल

.........................................

अधिवक्ता चेत बहादुर आले

सचिव

भूतपूर्व सैनिक कल्याणकारी समिति, नेपाल

बोधार्थ:

१. गृह मन्त्रालय
२. परराष्ट्र मन्त्रालय
३. कानून न्याय तथा सामान्य प्रशासन मन्त्रालय
४. राज्य व्यवस्था तथा सुशासन सामिति

***CM:** Tharka Bdr Rana, **DCM:** Dal Bdr Budhathoki, Netra Ale, Sobhraj Gurung, Khadak Bdr Budha, **Deputy Chairwoman:** Mira Kandangwa, **Gen Sec:** Bhakta Rana, **Deputy Secretary:** Jit Bahadur Gharti Magar, **Spokesperson:** Padam Thapa, **Treasurer:** Bhim Bahadur Rana, **Deputy Treasurer:** Yam Bahadur Thapa, **Media Secretary:** Mohan Bahadur Gurung, **Deputy Media Sec:** Anil Thapa, **Members/Area Representatives:** Capt (Retd) Ram Bahadur Pun, Ram Bahadur Galami, Yanka Bahadur Ale, Lt (Retd) Kamal Rai, Karna Bahadur Darlami, Om Parsad Gurung, Netra Thapa Baral, Kumar Rana, Lt (Retd) Rajan Mall, Mahadev Thapa, Chitra BahadurThapa, Chhabi Lal Thapa, Jit Bahadur Rana, Meg Bahadur Bura, Mohan Gurung, Gajbir Thapa, Prem Bahadur Thapa, Khar Bahadur Gurung, Krishna Kumar Rai, Dirga Gurung, Ista Gurung*
***Email, org4cncbg@gmail.com, bhakta-rana@hotmail.co.uk, tharkabdrana@gmail.com***
***UK Contact: +44 7859884822, +44 78467765 Mobile***
***Postal Address: 62 Fakenham Way, Owlsmoor, Sandhurst, Berkshire, Post Code: GU47 0YS, England United Kingdom***
***Nepal Contact: +977 9849045691 Senior Advocate Chet Ale, +9779841593606 Mr Hum Bahadur Thapa***